प्रमाणीकरण मितिः २०८१ असार ७ गते प्रकाशित मितिः २०८१ असार ७ गते

# बाह्रबिसे नगरपालिका

# स्थानीय राजपत्र

बाह्रबिसे नगरपालिकाद्वारा प्रकाशित
२०८१ असार ७ गते शुक्रबार।

भाग-१

बाह्रबिसे नगरपालिका १५ औं नगरसभाको सूचना

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को उपदफा १ बमोजिम बाह्रबिसे नगरपालिकाको नगर सभाले जारी गरेको ऐनमा केही दफा र उपदफासमेत संशोधन तथा थप गरी सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

# बाह्रबिसे नगरपालिका

# शिक्षा ऐन,२०७६(दोस्रो संशोधन)

प्रमाणीकरण मितिः २०८१ असार ७ गते प्रकाशित मितिः २०८१ असार ७ गते

प्रस्तावनाः बाहबिसे नगरपालिका शिक्षा ऐन २०७६ लाई संशोधन गर्न बाञ्छनीय भएकाले बाह्रबिसे नगरसभाले देहायको दफामा संशोधन गरेको छ।

१.संक्षिप्त नाम विस्तार र प्रारम्भ (१) यस ऐनको नाम "बाहबिसे नगरपालिका शिक्षा ऐन २०७६ (दोस्रो संशोधन)," रहेको छ ।

३) यो ऐन नगर सभाले पारित गरेको मितिदेखि प्रारम्भ हुनेछ।

२. बाहबिसे नगरपालिका शिक्षा ऐन २०७६ (पहिलो संशोधन),को दफा २ को खण्ड ह,क्ष,त्र र ज्ञ थप गरी देहायबमोजिम राखिएको छ।

(ह) "प्रमुख प्रशासकीय अधिकृत भन्नाले बाहबिसे नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।"

(क्ष) "कार्यपालिका भन्नाले बाहबिसे नगरपालिकाको कार्यापालिकालाई सम्झनु पर्छ।"

(त्र) "प्राविधिक सहायक भन्नाले बाहबिसे नगरपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखामा कार्यरत शिक्षा सेवाको सहायकस्तर पाँचौ तहको कार्मचारीलाई सम्झनु पर्छ।"

(ज्ञ) "शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुख भन्नाले बाहबिसे नगरपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखामा कार्यरत वरिष्ठतम् कर्मचारीलाई सम्झनु पर्छ।"

दफा ६ को उपदफा (१) मा खण्ड (क) थप गरी देहायबमोजिम राखिएको छ।

खण्क (क) "आधारभूत शिक्षा उत्तिर्ण परीक्षा समितिमा देहायका पदाधिकारीहरु रहने छनः

अध्यक्षः प्रमुख प्रशासकीय अधिकृत

सदस्यः नगर शिक्षा अधिकारी

सदस्यः आधारभूत शिक्षा उत्तिर्ण परीक्षा समितिले तोकेका कक्षा ६-८ सञ्चालित वा माध्यमिक तह सञ्चालित विद्यालयको एक जना प्रधानाध्यापक र एक जना महिला सहित ३ जना शिक्षक

सदस्य-सचिवः शिक्षा अधिकृत

तर शिक्षा अधिकृतको अनुपस्थितिमा प्राविधिक सहायकले सदस्य सचिव भइ कामकाज गर्नुपर्नेछ।"

दफा ११ को उपदफा (१) को खण्ड (झ) "शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख-सदस्य सचिव"

दफा १३ मा खण्ड (घ) थप गरी " यस ऐनको परीधिभित्र रही मापदण्ड र कार्यविधि बनाउने" विषय उल्लेख गर्ने।

दफा १५ मा खण्ड (ङ),(च), (छ) र (ज) थप गरी देहाय बमोजिमको विषय उल्लेख गर्ने

"(ङ)आधारभूत शिक्षा उत्तीर्ण परीक्षाको संयोजक भइ कामकाज गर्ने

(च) सामुदायिक विद्यालयको लेखापरीक्षक नियुक्त गर्ने र लेखापरीक्षण प्रतिवेदनका आधारमा देखिएका अनियमिततालाँई नियमित गर्ने गराउने

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

(छ) यो ऐन र यस ऐन अन्तर्गत बनेका अन्य कानूनहरुको कार्यान्वयनका लागि शाखा प्रमुखलाई निर्देशन,नियन्त्रण र नियमन गर्ने

(ज) नगर शिक्षा अधिकारी वा नगर शिक्षा अधिकृतको अनुपस्थितिमा निजको काम आफै गर्ने वा आफू मातहतका अन्य कर्मचारीलाई गर्न लगाउने " विषय उल्लेख गर्ने।

दफा १६ को खण्ड (ज) पुरै र खण्ड (द) मा नगर भित्रका विद्यालयहरुको आयव्यय लेखापरीक्षणका लागि लेखापरीक्षक नियुक्ति गर्ने विषय हटाउने।

दफा १७ मा खण्ड (त) थप गरी " नगर शिक्षा अधिकारीको अनुपस्थितिमा नगर शिक्षा अधिकारीले सम्पादन गर्ने काम,कर्तव्यलाई आफ्नो काम कर्तव्य भित्र परेको ठानी कार्यसम्पादन गर्ने " विषय उल्लेख गर्ने।

दफा १७ मा नगर शिक्षा अधिकृतको काम,कर्तव्य र अधिकारलाई उपदफा (१) अन्तर्गत राखि उपदफा (२) मा प्राविधिक सहायकको काम कर्तव्य र अधिकार देहायबमोजिम थप गर्नेः " क) नगर शिक्षा अधिकारी तथा शिक्षा नगर शिक्षा अधिकृतको मातहतमा रही कामकाज गर्ने

ख) शिक्षा,युवा तथा खेलकुद शाखाबाट पेस गरिने विभिन्न विषयहरु तयार गर्ने

ग) अन्य तोकिएबमोजिमका प्राविधिक कार्य गर्ने"

दफा २२ को उपदफा (१) कुनै विद्यालयको विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पुरा गर्न नसकेमा सो को कारण खुलाई नगरपालिकाले त्यस्तो विद्यालय व्यवस्थापन समितिलाई तोकिएको प्रकृया पुर्याई विगठन गर्न सकिनेछ।( "नगर शिक्षा समितिलाई विगठन गर्न सकिनेछ" भन्ने वाक्य हटाउने।

दफा ४० को उपदफा (२) "नगरपालिका भित्र अस्थायी,राहत,करार शिक्षक नियुक्तिका लागि परीक्षा सञ्चालन गर्न ३ सदस्यीय परीक्षा समिति रहनेछ। प्रमुख प्रशासकीय अधिकृत- संयोजक,सम्बन्धित विषय विज्ञ एक जना- सदस्य,शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुख- सदस्य सचिव"

दफा ४० को उपदफा (३) थप गरी देहाय बमोजिम राखिएको छः "शिक्षण सहयोग अनुदान,नगर अनुदान शिक्षक नियुक्तिका लागि व्यवस्थाः शिक्षण सहयोग अनुदान तथा नगर अनुदान शिक्षकमा उपलब्ध शिक्षक दरबन्दीमा शिक्षक करार पदपूर्तिको लागि दरखास्त आह्वान गर्दा न्यूनतम शैक्षिक योग्यता,अध्यापन अनुमतीपत्र, नेपाली नगरिकताको प्रमाणपत्र अनिवार्य गरिनेछ। तर दुई पटकसम्म दरखास्त आह्वान गर्दा समेत अध्यापन अनुमतीपत्र प्राप्त उम्मेदवार नआएमा अध्यापन अनुमतीपत्र नभएको उम्मदवारको समेत दरखास्त स्वीकृत हुने गरी विज्ञापन गर्न सकिनेछ।"

प्रमाणीकरण मितिः २०८१ असार ७ गते प्रकाशित मितिः २०८१ असार ७ गते

दफा ४१ को उपदफा (१) "कार्यरत विद्यालयको व्यवस्थापन समिति र सरुवा हुने विद्यालयको व्यवस्थापन समितिको सहमतीमा कक्षा सञ्चालनमा बाधा नपर्ने र विषय मिल्ने गरी प्रमुख प्रशासकीय अधिकृतले समान प्रकृति र समान पदमा रिक्त दरवन्दीमा नगर कार्यपालिकाको निर्णयका आधारमा शिक्षकको सरुवा गर्न सक्नेछ।"

दफा ४१ को उपदफा (२) "उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि नगर कार्यपालिकाले आवश्यक ठानेको खण्डमा नगरपालिका भित्रका सामुदायिक विद्यालयका शिक्षकलाई एक विद्यालयबाट अर्को विद्यालयमा प्रमुख प्रशासकीय अधिकृतले आफ्नो नगरपालिका भित्र कामकाजका लागि खटाउन सक्नेछ। यसरी कामकाजका लागि खटाउने विषयमा निर्णय गर्दा नगर कार्यपालिकाले सामान्यतया शैक्षिक सत्रको सुरुवातमा गर्नुपर्नेछ।"

दफा ४१ को उपदफा (३) "आफ्नो नगरपालिकाबाट अन्य स्थानीय तहमा सरुवा सहमति माग गर्ने स्थायी शिक्षकलाई विद्यालय व्यवस्थापन समितिको सिफारिसमा विद्यालयको पठनपाठनमा बाधा नपर्ने गरी प्रमुख प्रशासकीय अधिकृत वा शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुखले सरुवा सहमती प्रदान गर्नेछ।"

दफा ४१ को उपदफा (४) मा उल्लिखित विषयलाई हटाइएको छ।

प्रमाणीकरण मितिः २०८१/०३/०७ गते

आज्ञाले,
ईश्वरी प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत
बाहबिसे नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिन्धुपाल्चोक।



CamScanner